*खण्ड ५०४ अन्तर्गत स्कूल डिस्ट्रिक्टका जिम्मेबारीहरु के के छन् ?*

खण्ड ५०४ एउटा कार्यक्रम हो जसलाई बिद्यालय भबनको अन्य नियमित शैक्षिक कार्यक्रमहरुको परिप्रेक्ष्य भित्रै रही संन्चालन गरिन्छ। खण्ड ५०४ को योजना बनाउनका लागि बिद्यालयका कर्मचारीहरु र आमाबाबुहरुले सहयोगात्मक रुपमा काम गर्दछन्। त्यस्ले बिद्यार्थीहरुलाई बिद्यालयका शैक्षिक कार्यकम र क्रियाकलापबाट फाइदा उठाउनमा मद्धत गर्दछ।

खण्ड ५०४ को पालनाका लागि स्कूल डिस्ट्रिक्टले निम्न कुरा गर्नु पर्दछ :

1. ५०४ को संयोजक तोक्ने
2. उजुरीहरुलाई समाधान गर्न गुनासो सम्बन्धी कार्यबिधिहरु प्रदान गर्ने (http://sts.dpsk12.org/ मा हेर्नुहोस्)
3. यसका कार्यक्रमहरु वा क्रियाकलापहरुमा भर्ना हुनका लागि वा पहुंच पाउनमा बिभेद नगरिने भनि सूचित गर्ने
4. सार्बजनिक शिक्षा नपाईरहेका अशक्तता भएका सबै योग्य बिधार्थीहरुलाई बर्षैपिच्छे पहिचान गर्ने र पत्ता लगाउने
5. अशक्तता भएका ब्यक्तिहरुलाई र तिनीहरुका आमाबाबुहरु वा अभिभावकहरुलाई खण्ड ५०४ अन्तर्गत समय समयमा सूचना दिनु डिस्ट्रिक्टको जिम्मेवारी हुन्छ
6. पहिचान मूल्यांकन वा स्थापन सम्बन्धी निर्णयहरुलाई चुनौती दिनसक्ने उनीहरुको अधिकारका सम्बन्धमा आमाबाबुहरु वा अभिभावकहरुलाई सूचित गर्ने (http://sts.dpsk12.org लाई हेर्नुहोस्)
7. बिभेद भैरहेको छैन भन्ने कुरामा पक्का हुनका लागि डिस्ट्रिक्टको नीतिहरु, कार्यक्रमहरु र अभ्यासहरुको आत्ममूल्यांकन गर्ने
8. आमाबाबुहरुलाई प्रासङ्गिक अभिलेखहरुको जांचपड्ताल गर्ने अवसर प्रदान गर्ने

*डेनभर पब्लिक स्कूल्सले आफ्ना जिम्मेवारीहरुलाई कसरी पूरा गरिराखेको छ ?*

- ✓ आमाबाबुहरुलाई यो प्याम्प्लेट (पर्चा) प्रदान गरेर जसले उनिहरुको कार्यबिधिक सुरक्षाका सम्बन्धमा उनीहरुलाई जानकारी दिन्छ
- ✓ उजुरी दर्ता गर्नका लागि प्रत्येक बिद्यालयमा खण्ड ५०४/एडिए उपलब्ध गराउने
- ✓ डिस्ट्रिक्ट र बिद्यालय तहमा ५०४ को लागि संयोजक तोक्ने
- ✓ प्रत्येक बिद्यालय स्थलमा ५०४ को लागि भवन संयोजकको पहिचान र तालिम उपलब्ध गराउने

---

बिद्यार्थीहरु सम्बन्धी खण्ड ५०४ को सन्दर्भमा यदि तपाईका कुनै प्रश्नहरु छन् भने निम्न ठाउँमा फोन गर्नुहोस् :

बिद्यार्थी सेवा महाशाखा

डेनभर पब्लिक स्कूल्स

(७२०) ४२३-८०८६

संयुक्त राज्यको शिक्षा बिभाग, नागरिक अधिकारको कार्यालय, रिजन ८, फेडरल बिल्डिङ्ग, सुइट ३१०, १२४४ स्पीर ब्यूलिभर्ड, डेनभर, सिओ ८०२०४-३५८२, टेलिफोन (३०३) ८४४-५६९५ बाट थप जानकारी प्राप्त गर्न सकिन्छ।

संशोधित ११/२०११

DENVER PUBLIC SCHOOLS

Discover a World of Opportunity™

# अशक्तताको आधारमा बिभेद नहुने

## १९७३ को पुनरस्थापना ऐनको खण्ड ५०४ को निम्ति बिद्यार्थीहरुसंग सम्बन्धित रहने कुराहरुमा मार्गदर्शन

**डेनभर पब्लिक स्कूल्स**

**९०० ग्रान्ट स्ट्रिट**

**डेनभर, सिओ ८०२०३**

**(७२०) ४२३–८०८६**

## *खण्ड ५०४ के हो ?*

१९७३ को पुनरस्थापना ऐनको खण्ड ५०४ नागरिक अधिकार सम्वन्धी एउटा कानून हो जस्ले अशक्तता भएका व्यक्तिहरुलाई बिभेद हुनवाट जोगाउँदछ । यसले भन्दछ कि :

*"अन्य प्रकारले योग्य ठहरिएको अशक्तता भएको व्यक्तिलाई उसको अशक्तताको कारणले मात्र संघीय आर्थिक सहयोग प्राप्त कुनै पनि कार्यक्रम वा क्रियाकलाप अनतरगत सहभागी हुनबाट बहिस्कार गरिने छैन, तिनीहरुबाट हुने फाइदा लिन पाउनका लागि उसलाई इन्कार गरिने छैन वा त्यस्तो कार्यक्रम वा क्रियाकलापमा उसलाई बिभेदको भागी बनाइने छैन" । अशक्तता भएका अमेरिकीहरु संम्बन्धी १९९० को ऐनमा पनि बिभेदको बिरुद्ध त्यस्तै किसिमको प्रतिबन्धहरु रहेका छन् ।*

१९७३ को पुनरस्थापना ऐन र त्यसलाई कार्यान्वयन गर्ने नियमाबली पारित भएदेखि स्कूल डिस्ट्रिक्टहरुले आफ्ना कार्यक्रमहरु र क्रियाकलापहरुलाई अशक्तता भएका सबै व्यक्तिहरुको लागि पँहुचयोग्य बनाउनु पर्ने तथा अशक्तता भएका बिद्यार्थीहरुलाई उपयुक्त सार्बजनिक शिक्षा प्रदान गर्नु पर्ने आवश्यक गरिएको छ । उनीहरुको बिद्यालयको कार्यक्रमहरुमा बिद्यार्थीहरुलाई शिक्षा वा सम्वन्धित सेवाहरुको, अनुकूलताहरुको वा परिमार्जनहरुको आवश्यकता पर्न सक्ने छ ।

## *खण्ड ५०४ अन्तरगत संरक्षण पाउनका लागि बिद्यार्थी कहिले योग्य हुन्छ ?*

एउटा बिद्यार्थी खण्ड ५०४ अन्तरगत संरक्षण पाउनका लागि त्यसवेला योग्य हुन्छ जब उसमा शारीरिक वा मानसिक दुर्वलता हुन्छ जस्ले उसको जीवनको निम्न उल्लेखित लगायतका मुख्य क्रियाकलापहरुलाई उल्लेख्य रुपमा सीमित गरिदिन्छ :

- आफैले आफ्नो हेरविचार गर्ने
- हातले गर्ने कामहरु गर्ने
- हिड्ने
- हेर्ने
- शास फेर्ने
- सुन्ने
- बोल्ने
- पढ्ने
- सिक्ने
- एकाग्रता

जब अबस्थाहरुले जिवनको महत्वपूर्ण गरिबिधिहरुलाई *एकदमै* असर गर्दैन, त्यस अबस्थामा उक्त व्यक्ति खण्ड ५०४ अन्तरगत संरक्षण पाउन योग्य हुदैन ।

## *डेनभर पब्लिक स्कूलसमा खण्ड ५०४ को प्रक्रिया के छ ?*

बिद्यालय संयोजकले निम्न काम गर्ने छन् :

- शिक्षकहरुवाट, आमावावुहरुवाट, नर्सहरुवाट, परामर्शदाताहरुवाट विद्यार्थीहरुवाट तथा अरुहरुवाट चासोहरु प्राप्त गर्ने
- बिद्यार्थीको बारेमा जानकार भएका व्यक्तिहरुको समूहलाई बिभिन्न स्रोतहरुवाट बिद्यार्थीको वारेमा जानकारी संकलन गर्न र त्यसलाई समीक्षा गर्न भेला गराउने
- कही उक्त बिद्यार्थी शारीरिक वा मानसिक रुपमा अशक्त छ कि जस्ले गर्दा उसलाई जीवनको मुख्य क्रियाकलाप गर्न उल्लेख्य रुपमा सीमित गर्दछ कि र यसरी उक्त बिद्यार्थीमा खण्ड ५०४ अन्तरगत परिभाषित गरिए बमोजिमको अशक्तता छ कि भन्ने कुरा निर्क्यौल गर्नका लागि बिद्यार्थी बारेको तथ्याङ्कमा समीक्षा गर्न उक्त टोलीसँग काम गर्ने
- टोलीको एउटा सदस्यको हैसियतले कहीकतै अशक्तताको कारणले उक्त बिद्यार्थीले निशुल्क रुपमा उपयुक्त सार्वजनिक शिक्षा पाउने हकदार हुनका लागि उक्त बिद्यार्थीको शैक्षिक आबश्यकताहरु गैरअशक्त बिद्यार्थीहरुको आवश्यकताहरु पुरा भए जस्तै गरी पर्याप्त मात्रामा पूरा भएका छैनन् कि भन्ने कुरामा निर्णय गर्ने
- उक्त टोलीले खण्ड ५०४ अन्तरगत संरक्षण पाउन बिद्यार्थी योग्य छ भनी ठहर गरेपछि उक्त बिद्यार्थीको लागि खण्ड ५०४ सम्वन्धी योजना वनाउनमा टोलीसंग काम गर्ने
- पहिचान गरिएको अशक्ततासंग ती कुराहरु सम्वन्धित हुने हुनाले बिद्यार्थीको आवश्यकताहरुको निर्क्यौल टोलीको सदस्यको हैसियतले गर्ने
- उक्त बिद्यार्थीलाई चाहिने शिक्षा, वा सेवाहरु, औचित्यपूर्ण अनुकूलताहरु वा परिमार्जन सम्बन्धी रुपरेखा तयार गरेर खण्ड ५०४ को योजनालाई पूर्ण बनाउने
- समीक्षा बैठकको मितिहरुको योजना बनाउने
- तोकिएका व्यक्तिहरुलाई योजनाको प्रतिहरु पठाउने
- योजना कार्यान्वयनको अनुगमन गर्ने
- हैसियतमा कुनै परिवर्तन गर्नका लागि, समीक्षा गर्नका लागि र पुन आंकलन गर्नका लागि सहमति गरिएको मितिमा टोलीको वैठक पुनः बोलाउने
- उक्त विद्यार्थी नयाँ विद्यालयमा गए पछि संक्रमणकालीन बैठकको आयोजना गर्ने र/वा उसको/उनीहरुको अभिलेखहरुका लागि ५०४ योजनाको बिद्युतीय प्रति पठाई दिने

## *अनुकुलन गर्ने (एकोमोडेसन) भन्नुको तात्पर्य के हो ?*

खण्ड ५०४ अन्तर्गत संरक्षण पाउनका लागि योग्य हुने धेरै बिधार्थीहरुलाई मात्र उनीहरुका गैरअशक्त सहपाठीहरुले लिए जस्तै गरी बिधालयको शैक्षिक कार्यक्रमहरुबाट पर्याप्त मात्रामा फाइदाहरु लिन पाउनका लागि मुनासिब माफिकको अनुकूलताहरु (अटाएर राखिदिने काम) को आवश्यकता पर्दछ । अनुकूलताहरु भनेको बिद्यार्थीहरुले यस्तो फाइदा पाउनका लागि कक्षा शिक्षकद्वारा वा बिद्यालयका अन्य कर्मचारीहरुद्वारा गरिने समायोजनहरु हुन् । अन्य बिद्यार्थीहरुलाई मुनासिव माफिकको अनुकूलताहरु (अटाएर राखिदिने काम) को आबश्यकता निजहरुले डिस्ट्रिक्टको कार्यक्रमहरुमा पंहुच पाउने सिलसिलामा भएका स्वास्थ्य सम्वन्धी चासोहरुलाई सम्वोधन गर्नका लागि पर्दछन् ।

**साझा अनुकूलताका उदाहरणहरु**

- असाइनमेन्ट (गर्नु भनी सुम्पिने कामहरु) छोटो छोटो दिने
- पाठ्यांशलाई ठूलो स्वरमा पढ्ने
- घरको लागि अतिरिक्त पाठ्यपुस्तकहरु दिने.
- बिद्यार्थीलाई कम्प्युटर/हलमा जाने वाटोको आवाज आउने ठाँउवाट टाढा बसाउने
- नयाँ सामाग्रीहरुलाई प्रस्तुत गर्नु भन्दा पहिले अध्ययन गाइड ( मार्गनिर्देशन) हरु प्रदान गर्ने
- बिद्यार्थीहरुलाई प्लानर (योजना बनाउने) प्रयोग गर्ने कुरा सिक्न दिने
- बिद्यार्थीहरुलाई पढाउन/सिकाउन साथीहरु उपलब्ध गराउने
- कक्षामा लिखित असाइन्मेन्टहरु गर्नका लाीग बिद्यार्थीलाई कम्प्युटर/किवोर्ड प्रयोग गर्न दिने

अनुकूलताहरु गर्दा आफुले सिकेको कुरा प्रदर्शन गर्न विद्यार्थीहरुलाई दिनका लागि व्यक्तिको क्रियात्मक क्षमताहरुलाई तथा कामहरु वा क्रियाकलापहरु गर्ने वैकल्पिक पद्धतिहरुलाई पनि ध्यानमा राख्नु पर्दछ

- अनुकूलताहरु बैयक्तिकरण गरिनु पर्दछ ।
- अशक्तता भएको बिद्यार्थीलाई बिद्यालयको शैक्षिक कार्यक्रमहरुवाट फाइदा लिन समान अवसर दिने मनसायले अनुकूलताहरुलाई अपनाइन्छन् ।
- बिद्यार्थीले पुरा गर्नु पर्ने शैक्षिक मापदण्डलाई अनुकुलताहरुले परिवर्तन गर्दैनन् ।
- बिद्यार्थीले पूरा गर्ने शैक्षिक स्तरहरुलाई बिचित्र परिस्थितिहरुमा अशक्त भएको विद्यार्थीले परिमार्जन वा परिवर्तन गर्न पाउन सक्ने छ ।